**महिला तथा लैंगीक समानता नीति**

**प्रस्तुतीकरण**

पुरुष प्रधान वर्चस्वका कारण अनादिकाल देखि नै महिलाहरूमा विभेद गरिएको छ । धेरै बाध्यकारी अन्तर्राष्ट्रिय महासन्धिहरूको बावजुद पनि यो विभेद व्यापक छ। विश्वभर प्रजनन अधिकार, श्रम, शिक्षा र स्वास्थ्य सम्बन्धी कानूनहरू अझैपनि महिलाहरूलाई दबाउनु र शोषण गर्न प्रयोग गरिन्छ। धेरै देशहरूमा समान अधिकार सम्बन्धी कानूनहरू भएपनि वास्तविकतामा आर्थिक लाभ हुने कार्यहरुमा महिलाहरुको भन्दा पुरुषहरूको पहुँच बढी हुन्छ र साथै राजनीतिक, सांस्कृतिक नेतृत्व तथा खेलकुदमा पनि पुरुषहरुको प्रतिनिधित्व ज्यादा नै देखिन्छ।

**लक्ष्य**

राजनीतिक एजेन्डा लिन चाहनेहरूको लागी यो असमानतालाई सम्बोध गर्न अपरिहार्य छ । ग्लोबल ग्रीन्स चार्टर र विशेष गरी सामाजिक न्यायको सिद्धान्तलाई आत्मसात गर्दा ग्लोबल ग्रीन्सको लक्षयहरू निम्नानुसार हुनेछन्

- सबै नागरीकको समानता ।
- राजनीतिक, आर्थिक, सामाजीक, र सांस्कृतिक भेदभावबाट स्वतन्त्रता।
- मर्यादीत मानवीय जीवनको अधिकार।
- सामाजीक, सांस्कृतिक, आर्थिक, राजनैतिक र पर्यावरणीय क्षेत्रमा समान रूपमा पहुँच, र सहभागी हुन सक्ने क्षमता।
- राजनीतिक, सामाजिक, सांस्कृतिक, बौद्धिक र आर्थिक सबै क्षेत्रहरूमा निर्णय प्रक्रियामा समान प्रतिनिधित्व र सहभागिता।
- सबै नागरिकसँग आफ्नो शिक्षा, स्वास्थ्य, लैगींक पहिचान र प्रजननको बारेमा सूचित छनौट गर्ने अधिकार हुनुपर्दछ।
- महत्वपूर्ण निर्णय गर्ने स्थानमा महिलाको समान प्रतिनिधित्व।
- समान स्तरको कामको लागि समान पारीश्रमीकको सुनिश्चितता गर्ने ।

- महिलाहरुले उल्लेखनीय रूपमा गरेको गैर पारीश्रमीक श्रमको कदर गरिने ।
- प्रत्यक्ष, अप्रत्यक्ष प्रणालीगत भेदभाव, उत्पीडन, डर, हिंसा र शोषणबाट स्वतन्त्रता।
- सबै नीतिमा र आवश्यक कानूनमा लैंगीक मुलप्रवाहीकरण हुनुपर्दछ ।

**उद्देश्य**

त्यसकारण, ग्रीन पार्टीले निम्न कार्यहरू गर्दछ ।

- पितृसत्तात्मक दमनबाट महिलाहरूलाई स्वतन्त्रता दिलाउने मुदालाई कानूनमा समाहित गर्ने।
- सबै महिलाको आवाज र दृष्टिकोण सुन्न सक्ने समाजको निर्माण गर्ने उदेश्य राख्दै महिलाको सहभागितामा अवरोध हुन नदिन राजनीतिक प्रक्रियामा सुधारको लागी समन्वय गर्ने ।
- पुरुष र महिलाको पूर्ण समानता प्राप्त गर्नका लागी पुरुष र महिलाको समाज र परिवारमा परम्परागत भूमिकामा परिवर्तन गर्ने ।
- महिलाहरूको कानुनी क्षमता कम्तिमा पुरुषहरुको बराबर सुनिश्चित गर्न र त्यो क्षमता प्रयोग गर्न समान अवसरहरू सृजना गर्ने
- महिलाको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक र पर्यावरणीय समानता सुनिश्चित गर्ने

**कार्य योजना**

त्यसकारण, ग्रीन पार्टीले

**भेदभावको बिरुद्ध**

- महिला विरुद्ध हुने सबै भेदभाव निषेधित गर्ने उपयुक्त कानूनी संरचना तथा अन्य उपायहरु अपनाउने।
- महिला विरुद्ध हुने भेदभावको कुनै पनि कार्यव्यवहारमा संलग्न नहुने र सार्वजनिक निकायहरू तथा संस्थाहरूले यस दायित्व अनुरूप कार्य गर्दछन भन्ने सुनिश्चित गर्ने।
- महिला विरुद्ध भेदभाव सिर्जना गर्ने विभिन्न शक्तिहरुलाई चुनौती दिन एक बृहत रूप रेखा प्रदान गर्ने।
- पुरुष र महिला बीचको समानतालाई प्रवर्दन गर्न भेदभाव समानता र न्यायमा आधारित नयाँ आर्थिक विधि स्थापना गर्ने।

- सबै प्रकारको जातिय भेदभाव र महिला प्रति आक्रामक व्यवहार उन्मूलन गर्ने।
- मातृत्वको सामाजिक महत्त्व तथा परिवार र बच्चाको पालनपोषणमा दुबै आमाबुबाको भूमिकाको पहिचान दिने।
- बच्चाहरूको पालनपोषणको लागि पुरुष र महिला तथा समग्रमा समाज बीच जिम्मेवारी बाँडफाँड आवश्यक हुन्छ, त्यसकारण महिला माथि भेदभाव, महिलाको  प्रजननको भूमिकामा आधारित हुनदिने छैन।
- पुरुष र महिला बीच समानता ल्याउन पारम्परीक भूमिकाको रूपमा मानिने विधमान दमनकारी संरचनाहरू परिवर्तन गर्ने।

**राजनीतिक अधिकार**

- राजनीति र सार्वजनीक जीवनमा महिला विरुद्ध हुने विभेद हटाउने।
- भोट दिने अधिकार, सार्वजनीक निकायलाई संचालन गर्ने र सार्वजनिक कार्यहरु गर्ने अधिकारको सुनिश्चित गर्ने ।
- अन्तर्राष्ट्रिय तहमा महिलाहरुलाई आफ्नो देशको प्रतिनिधित्वको लागि समान अधिकारको सुनिश्चित गर्ने।
- देशको सार्वजनिक तथा राजनीतिक सम्बन्धित संगठनहरू र संघहरूमा महिलाहरुको समान सहभागिता सुनिश्चित गर्ने।
- उच्च –पदहरूमा महिलाहरूको सहभागिता बढाउन कार्यरत संघ – संस्थाहरूलाई समर्थन गर्ने।
- सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक प्रतिनिधित्व सहित सबै क्षेत्रमा महिलाको लागी कोटा प्रणाली अपनाउने।

**नीतिविकास**

- सरकारको नीति निर्माण र यसको कार्यान्वयनमा महिलाको सहभागिता सुनिश्चित गर्ने।
- विभिन्न तहका महिलाहरु संगको विचार –विमर्शका आधारमा लैंगीक समानता प्रतिकार्य योजनाको विकास गर्ने र सरकारको प्राथमिकताहरुले यस योजनालाई प्रतिविम्वित गरोस भनी सुनिश्चित गर्ने।

- राजनीतिक दल र संसदमा महिला प्रतिनिधिको प्रतिशतका लागि लक्ष्य तय गर्ने ।
- सार्वजनिक सेवा र उच्चस्तरीय व्यवस्थापकीय भूमिकामा रोजगारीका लागि महिलाहरूको प्रतिशतका लागि लक्ष्यहरू तय गर्ने ।

**शिक्षा**

- सबै युवतिहरू र महिलाहरूलाई निः शुल्क शिक्षाको पहुँच हुने प्रावधान बनाइने छ।
- शिक्षाको क्षेत्रमा पुरुषसँग समान अधिकार सुनिश्चित गर्न महिला विरुद्ध हुने विभेद हटाइने छ ।
- शिक्षक र विद्यार्थीहरूमा गैर यौनिक दृष्टिकोणलाई बढावा दिनलाई पाठ्यक्रम सामग्री, शैक्षिक विधि र शिक्षक प्रशिक्षण कार्यक्रम विकास गरीने छ।

**स्वास्थ्य**

- जीवनको सबै चरणहरूमा महिलाहरुको स्वास्थ्य सम्बन्धी सही जानकारीको प्रावधान सहित समुदायमा आधारित महिलाहरुको स्वास्थ्य र यौन स्वास्थ्य सेवाहरूलाई बढावा दिने।
- घरमा नै जन्म गराउनका लागी र मिड्वाइफमा आधारित सेवाहरू सहित महिलाहरुको हेरचाहका लागि उपलब्ध उपायहरूको बारेमा सक्रिय रूपमा जानकारी दिने – निः शुल्क र सुरक्षित गर्भावस्था, मातृत्व, बच्चा जन्माउने र प्रारम्भिक बाल्यकाल सेवाहरूको प्रावधान बनाउने
- बल पुर्वक गरिने] नसबंदीलाई अवैध बनाउन कानून बनाउने र महिला यौनांग विकृतिलाई रोक्न कानून लागू गरिने ।

**विवाह र पारिवारिक सम्बन्ध**

- वैवाहीक संवन्धमा प्रवेश गर्दा पुरुष जत्तिकै स्वतन्त्र र पूर्ण सहमतिका साथ प्रवेश गर्ने समान अधिकार महिलाहरुमा पनि हुन्छ, विवाहको समयमा र सम्बन्ध विच्छेदको समयमा पनि समान अधिकार र जिम्मेवारी सुनिश्चित गर्ने ।
- वैवाहीक अवस्था जस्तो सुकै भएपनि आफ्ना बच्चाहरूसंग सम्बन्धित मामिलाहरूमा र जस्तो सुकै मामलामा बच्चाहरुको इच्छालाई प्रमुख महत्त्व दिदै आमाबुबाको रूपमा समान अधिकार र जिम्मेवारी सुनिश्चित गर्ने।

- सबै मामलामा बच्चाहरूको चासो सर्वोपरि हुने गरी महिलाहरुलाई पनि संरक्षकत्व, वार्डशिप, ट्रस्टी शिप र बच्चाहरुको एडप्सन, अथवा यस्तै संस्थाहरु जहाँ यी अवधारणाहरु राष्ट्रिय कानूनमा अवस्थित छन् , यस सम्बन्धी समान अधिकार र जिम्मेवारीहरु सुनिश्चित गर्ने।
- परिवारको नाम, पेशा र पेशा रोज्ने अधिकार सहित पति र पत्नीको समान व्यक्तिगत अधिकारहरू सुनिश्चित गर्ने।
- पुरुषहरुले जस्तै राष्ट्रियता अपनाउने , परिवर्तन गर्ने र कायम गर्ने जस्ता अधिकार महिलाहरूमा पनि सुनिश्चित गर्ने ।

**यौन र प्रजनन स्वास्थ्य**

- सबै महिलाहरूको गर्भनिरोधक साधनमा निःशुल्क पहुँच सुनिश्चित गरिने ।
- सबै महिलाहरुलाई सुरक्षित र कानूनी गर्भपतन सेवा उपलब्ध गराउने ।
- यौन शिक्षा, जनस्वास्थ्य कार्यक्रम र परिवार नियोजनका सेवाहरूलाई आर्थिक सहयोग गरिने ।
- महिलाहरुले गर्भपतनको निर्णय गर्न पाउने अधिकारलाई समर्थन गरिने र गर्भपतन गर्न पाउने अधिकारबारे कानुन बनाउने साथै गर्भपतन गर्ने सबै विकल्पहरू समानरूपमा उपलब्ध गराउन सुनिश्चित गर्न।
- स्वतन्त्रताका साथ गर्भावस्था जारी राख्ने इच्छाको संरक्षण गर्ने ।

**हिंसा र महिलाको सुरक्षा**

- महिलालाई यौनीक र लैंगीक हिंसाबाट बचाउन कानूनलाई सुदृढ बनाउने र हिंसा र उत्पीडन सम्बन्धी कानूनहरूको कार्यान्वयन सुनिश्चित गर्ने ।
- घरेलु र पारिवारिक हिंसा कम गर्न र व्यवस्थापन गर्न कानून बनाउने ।
- यौन दुर्व्यवहारबाट शिकार भएका पीडित महिलाहरुको आवश्यकता प्रति न्याय प्रणाली संवेदनशील छ भन्ने सुनिश्चित गर्ने ।
- स्कूल र कलेजका विद्यार्थीहरुलाई विशेष ध्यानमा राखेर लैंगिक संवेदनशीलता प्रशिक्षण र कार्यक्रमहरू संचालन गर्ने।
- महिला सशक्तीकरण र लैंगिक संवेदनशील नीति र कार्यक्रमहरू बीच समन्वय सुनिश्चित गर्ने।

**रोजगार**

- रोजगारीको क्षेत्रमा महिला विरुद्ध हुने विभेद हटाउने।
- महिलाहरुको लागी समान कामको लागि समान पारिश्रमिकको सिद्धान्त सुनिश्चित गर्ने ।
- सबै मानव जातिको काम गर्ने अधिकारलाई नैसर्गिक अधिकारको रूपमा सुनिश्चित गर्ने ।

**यौन कर्मी**

- प्रायःमहिलाहरुमा हुने सबै प्रकारका तस्करी र यौनकर्मीहरूको शोषणलाई दबाउन कानून लगायत सबै उचित उपायहरू अवलम्बन गर्ने ।
- यौनकर्मीको यौन कार्यलाई कानूनीरुपमा समर्थन गर्ने र नागरिक कानून अन्तर्गत नियमन गर्ने।

**आदिवासी तथा जनजाति महिला**

- सामाजीक, वातावरणीय र आर्थिक मुद्दाहरूमा उनीहरूको नेतृत्वलाई पहिचान र प्रवर्धन गर्न साथै आदिवासी र गैरआदिवासी महिलाहरू बीचको सामाजिक र आर्थिक असमानतालाई कम गर्न आदिवासी र जनजाति महिलासँग मिलेर कार्यक्रम र नीति लागू गर्ने।

- सबै स्वास्थ्य, शिक्षा र अन्य सरकारी नीतिहरु आदिवासी र जनजाति महिलाहरुको जीवनरस्तर सुधार केन्द्रित छ भन्ने सुनिश्चित गर्ने ।

**ग्रामिण महिलाहरु**

- ग्रामिण क्षेत्रका महिलाहरुको लागि कानुनी सुरक्षाको सुनिश्चित गर्ने ।
- ग्रामिण विकास कार्यक्रमहरु मार्फत महिलाको प्रगति र सहभागिता सुनिश्चित गर्न ग्रामिण क्षेत्रमा महिलाहरु माथीको भेदभाव निर्मूल गर्ने ।

**महिलाको चित्रण**

- महिलाहरुको बारेमा सम्मानजनक र सशक्तिकरणको भाव व्यक्त गर्ने सन्देश तथा छविहरुलाई समर्थन गरिने।
- विभिन्न प्रकारले चित्रण गरिने महिलाको शरीरलाई स्वस्थ र सामान्य रूपमा प्रस्तुत गर्न वकालत गर्दै , फेसन उद्योग सहित विज्ञापन र अन्य मिडियामा महिलाहरु प्रति सकारात्मक र सम्मानजनक दृष्टिकोणको समर्थन गर्ने।

- मिडियामा यौनिकतालाई सम्बोधन गर्ने र महिलाहरुको नकारात्मक चित्रणलाई उन्मूलन गर्न सक्रियता पूर्वक काम गर्ने।
- विज्ञापनमा यौन दुर्व्यवहार र महिला माथीको शोषण विरुद्ध लड्न शैक्षिक कार्यक्रमहरुलाई प्रवर्धन गर्ने।

**महिला र मिडिया**

- मिडीयामा महिलाको सकारात्मक प्रतिनिधित्व सुनिश्चित गर्न नीति नियमहरुको अन्वेषण गर्ने।
- प्रजातान्त्रिक समाजमा पुरुष र महिलाको बीच समानताको महत्त्वको बारेमा अभियान निर्माण गर्ने जसले पुरुष र महिलाको नकारात्मक छविलाई सम्बोधन गर्नेछ।